नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०७७/७८
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- ९२३

सिंहदरबार,
काठमाडौं, नेपाल
मिति : २०७७।०७।१९

विषय: निर्देशन सम्बन्धमा ।

श्री वीरगंज महानगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
आदर्शनगर वीरगंज, पर्सा ।

प्रस्तुत विषयमा तहाँ महानगरपालिका नगर कार्यपालिकाको कार्यालयको च.नं. १४९९ मिति २०७७।०७।३० को पत्रमा उल्लेखित जाती/थरहरुलाई दलित जाति अन्तर्गत लाभग्राही सूचीमा समावेश गर्न सकिने नसकिने विषयमा निर्देशन माग भएको छ । उक्त विषयमा ती जाती/थरहरु राष्ट्रिय दलित आयोगको दलित जातीमा अनुसुची विवरणमा सूचिकृत नभएको भनी प्रष्ट उल्लेख भइसकेको र यस विभागको च.नं. २४४ मिति २०७५।०८।११को पत्र मार्फत पनि यस्तो विषयमा द्विविधा उत्पन्न भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जारी गरेको दलित जातीय प्रमाणपत्रका आधारमा मात्र दलितलाई प्रदान गरिने सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउनुहुन भनी निर्देशन भइसकेकोले सोही अनुसार गर्नुहुन आदेशानुसार अनुरोध छ ।

(कुलशेखर अर्याल)
शाखा अधिकृत

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

फोन नं : ०१-४२३३९७९
४२४०२३९, ४२५७७८३

नेपाल सरकार

## गृह मन्त्रालय

# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

सिंहदरबार, काठमाडौं

पत्र संख्या:
चलानी नम्बर: २५५

मिति: २०७५/०८/११

विषय : दलित जातिय अनुसुची सम्वन्धमा निर्देशन।

श्री महानगरपालिका कार्यालय सबै,
श्री उप-महानगरपालिका कार्यालय सबै,
श्री नगरपालिका कार्यालय सबै,
श्री गाउँपालिका कार्यालय सबै ।

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता कार्यक्रम सञ्चालनका सन्दर्भमा दलित जातिको अनुसूची सम्वन्धमा केन्द्रीय पञ्जिकरण विभागको च.न. ५३५ मिति २०७२/१०/०७ मा निर्देशन भईसकेको व्यहोरा स्मरण गराउँदै सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि,२०७५ को अनुसुची १ को (ख,२९) मा उल्लिखित जातिहरु पटवा,विल्टाउ,विन(मुखिया),मलाह(सहनी),गोढिया को सम्वन्धमा यी जातिका व्यक्ति दलित हो या होईन भन्ने सम्वन्धमा द्विविधा उत्पन्न भएमा सम्वन्धित जिल्ला प्रशासन कार्यालयबाट दलित हो भनी प्रमाणित गरेको पत्रका आधारमा मात्र दलितलाई प्रदान गरिने सुविधा प्रदान गर्न गराउन हुन निर्देशानुसार अनुरोध छ ।

२०७५।०८।११

सावित्रा बस्नेत
(शाखा अधिकृत)

बोधार्थ: श्री जिल्ला प्रशासन कार्यालय सबै,